श्री रानी सामुदायिक वन उपभोक्ता समुह

# श्री वडरे पोखेडाँडा सामुदायिक वन उपभोक्ता समुह
## भूमिकास्थान नगरपालिका वडा नं. ५ असुरकोट, अर्घाखाँची

पत्र संख्या: २०८१/०८२

च.नं. १०

मिति:२०८२/०१/२७

विषय: सुचना टाँस गरी सो को जानकारी दिने बारे ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँची ।
श्री जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची ।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, अर्घाखाँची ।
श्री डिभिजन वन कार्यालय, अर्घाखाँची ।
श्री मालपोत कार्यालय,अर्घाखाँची ।
श्री भूमिकास्थान नगरपालिका वडा नम्वर ५ को कार्यालय, अर्घाखाँची ।
श्री भूमिकास्थान सव डिभिजन वन कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्वन्धमा यस समुहको स्वीकृत वन कार्ययोजना बमोजिम छपान भई डिभिजन वन कार्यालय अर्घाखाँचीको संकलन सहमति अनुसार संकलन भएको काठ/दाउरा समुह बाहिर लिलाम बिक्री सम्वन्धी सूचना थान १ यसै पत्र साथ पठाइएको छ । तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी दिनुहुन सादर अनुरोध छ ।

चुरामणि के.सी.
अध्यक्ष

## श्री वडरे पोखेडाँडा सामुदायिक वन उपभोक्ता समुह
## भूमिकास्थान नगरपालिका वडा नं. ५, असुरकोट, अर्घाखाँची

### काठ/दाउरा लिलाम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०८२/०१/२७ (मध्यान्ह राष्ट्रिय दैनिक)

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना वमोजिम डिभिजन वन कार्यालय अर्घाखाँचीबाट संकलन सहमति लिइ संकलन गरेको काठ दाउरा भूमिकास्थान न.पा. ५ मा घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थाम छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजान पर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । काठ दाउरा कारोवार गर्ने उद्देश्यले स्थायी लेखा नम्वर (PAN) र मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि.नं. | जात | लट नं. | ग्रेड | गो.थान | घन फिट | न्यूनतम दररट प्रति इकाइ | कटान मुछान खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खयर | १ | - | १९१५ | १४८४.४६ | १०००/- | १८७ प्रति घन फिट |
| | जम्मा | | | १९१५ | १४८४.४६ | | |

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/०२/१६ गते कार्यालय समय भित्र विदा परे सो को भोलिपल्ट ।

२. बोल पत्र दाखिला गर्ने अन्तिम मितिं र समय २०८२/०२/१७ गते कार्यालय समयभित्र विदा परे सो को भोलिपल्ट ।

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु ।

**क) समूहको कार्यालय     ख) डिभिजन वन कार्यालय अर्घाखाँची**

४. वोलपत्रसाथ कबोल गरेको रकम १०% ले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सन्धिखर्क अर्घाखाँचीमा रहेको खाता नम्वर ३०५०१०००१०४१८००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । **बैंक ग्यारेण्टी मान्य हुने छैन ।**

५. प्रति बोलपत्र वापत रु १०००/- (एक हजार रुपैयाँ मात्र) लाग्नेछ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरेपछि मात्र पाइनेछ ।

६. लिलाम हुने वन पैदावार भूमिकास्थान न.पा. ६,डाँडागाउँमा रहेको घाटगद्दीमा स्थलगतरुपमा हेर्न सकिनेछ ।

७. रितपूर्वक र न्यूनतम संख्याको बोलपत्र पेश भएमा मिति २०८२/०२/१८ गते दिउँसो ३:०० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिद कर्ता प्रतिनिधि उपस्थित नभए पनि र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिनेछ ।

८. लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता र कर चुक्ताको प्रमाणपत्र उद्योग दर्ता मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाण पत्र र स्थायी लेखा नम्वर (PAN) र डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपिहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९. सकार रकम अंक र अक्षरमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पाइएमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा वदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाइ निहित रहनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मूल्य , मू.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाइ लिलाम भएको वन पैदावार तोकिएको समय भित्र प्रक्रिया पुरा गरी लैजानु पर्नेछ ।

१२. थप जानकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नुहोला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।